पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा,बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल


प.स.:२०८२।८३
च.न.:

**पोषणमैत्री लघु उद्यम विकास सम्बन्धी तालिम सञ्चालन सम्बन्धी सूचना !**
**प्रथम पटक प्रकाशित मिति: २०८३/०२/०८**

प्रस्तुत विषय सम्बन्धमा, पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम संघीय विशेष अनुदानबाट सञ्चालित **"पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम"** गाउँकार्यपालिकाबाट स्वीकृत पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार सञ्चालन हुन गइरहेको छ । यस कार्यक्रम अन्तर्गत परम्परागत खाद्य उत्पादन र त्यसले पोषण क्षेत्रमा गर्ने योगदान सम्बन्धी ज्ञान, सीप बढाउन तथा त्यसलाई उद्यमको रूपमा विकास गरी आयआर्जनका क्षेत्रमा समेत योगदान पुऱ्याउन उत्पादक किसानहरूको क्षमता विकास गर्ने मुख्य उद्देश्यका साथ गाउँपालिकाका **सबै ६ वटै वडाहरूमा** देहाय बमोजिमको **"पोषणमैत्री लघु उद्यम विकास सम्बन्धी वडास्तरीय तालिम"** सञ्चालन गरिने भएकोले तालिममा सहभागी हुन इच्छुक कृषकहरूले यथाशीघ्र आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तालिम सम्बन्धी विवरण:**

- **कार्यक्रम/क्रियाकलाप:** किसानहरूका लागि वडास्तरीय पोषणमैत्री लघु उद्यम विकास सम्बन्धी तालिम ।
- **तालिम अवधि:** प्रत्येक वडामा ३ (तीन) दिन ।
- **सहभागी संख्या:** प्रत्येक वडाबाट ६० जनाका दरले ६ वटै वडाबाट कुल ३६० जना ।
- **तालिमका मुख्य विषयवस्तुहरू:** पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन, सुरक्षित भण्डारण र जैविक खेती सम्बन्धी ज्ञान तथा सीप ।
    - खाद्य उत्पादन र पोषणको व्यावहारिक अभ्यास तथा उपकरणहरूको प्रयोग ।
    - उत्पादनको गुणस्तर नियन्त्रण र नवीनतम प्रविधिको प्रयोग सम्बन्धी जानकारी ।
- **सहभागी छनौट प्रक्रिया:** सम्बन्धित वडा कार्यालयको सम्पर्कमा आएका इच्छुक उत्पादक कृषकहरूमध्येबाट योग्यता र आवश्यकताका आधारमा वडा कार्यालयले सहभागी छनौट गरी अन्तिम सूची प्रकाशन गर्नेछ । सहभागी छनौट गर्दा लैंगिक सन्तुलन कायम गर्न महिला र पुरुषको संख्या बराबर (५०:५० प्रतिशत) हुने गरी प्राथमिकता दिइनेछ ।

*नोट: तालिम सम्बन्धी विस्तृत कार्यतालिका सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।*

.......................
बिर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बिर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner